# Invitation for Quotations

**भेरीगंगा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
राताचौर, सुर्खेत
६ नं.प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

सूचना नं.:— ०२/०७४/०७५

**प्रथम पटक प्रकाशित मितिः २०७४।११।१३**

यस भेरीगंगा नगरपालिकाको कार्यालय,सुर्खेत वाट चालु आ.ब. ०७४।०७५ मा तपशिलका निर्माण कार्य र मालसामानको खरिद कार्य सिलबन्दी दरभाउपत्रवाट गराउनु पर्ने भएकोले ईच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीहरु र उधोग तथा सप्लायर्सहरु वाट निम्न शर्तको अधिनमा रहि रित्तपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) **दिन** भित्र रु. १०००।० (रु.एक हजार ) मात्र पछि फिर्ता नहुने गरि यस कार्यालयको कृषि विकास बैंक, छिन्चु शाखा,सुर्खेतमा रहेको खाता नं. : ०७२१००११४६०३७०१९ मा जम्मा गरेको सक्कल भौचर वा नगद बुझाई नविकरण/अध्यावधिक गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर दर्त्ता भएको प्रमाण पत्र साथै कर चुक्ता प्रमाण वा कर विवरण पेश गरेको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निबेदन दिई सिलबन्दी दरभाउपत्र फाराम सम्बन्धी कागजातहरु यस नगरपालिका कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने मिति : २०७४- ११- २७ सम्म कार्यालय समय भित्र ।

३. सिलबन्दी दरभाउपत्र दर्ता मिति र स्थान:-२०७४ - ११ - २८ **दिनको १२ :०० बजे** सम्म यस कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र खोल्ने मिति :-२०७४ - ११ - २८ **दिनको १ :०० बजे** सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । तर सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्नमा बाधा पर्ने छैन ।

५. सिलबन्दी दरभाउपत्र खरीद तथा दर्त्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुल्ने पहिलो दिन सोहि समयमा हुने छ ।

६. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत स्वीकृत ल.ई. रकमको दुई देखि तीन प्रतिशतले हुने तपशिल बमोजिमको रकम र बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु ( बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा ठेक्का खोलेको मितिले ७५ (पचहत्तर) **दिन** म्याद भएको सक्कल बिडबँण्ड बुझाउनु पर्ने छ ।

**बैंकको नाम** : कृषि विकास बैंक, छिन्चु शाखा,सुर्खेत
**कार्यालयको कोड नं** : ६४-३६५-१०
**खाता नं** : ०७२१००११४६०३७०४३
**कार्यालयको नाम : भेरीगंगा नगरपालिको कार्यालय,सुर्खेत**

७. दर्ता गर्न ल्याएको सिलबन्दी दरभाउपत्रमा प्रष्ट रुपले बुझीने गरी ठेक्का नम्बर, कार्यको नाम, प्रेषकको नाम, ठेगाना र प्रापकको नाम, ठेगाना उल्लेख भएको हुनु पर्ने छ ।

८. एक फर्मको नामबाट खरिद गरिएको शिलबन्दी दरभाउ पत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन ।

९. रित्त नपुगी शर्त राखी वा म्याद नाघि आएको शिलबन्दी दरभाउ पत्र माथी कार्यवाही हुने छैन ।

१०. सिलबन्दी दरभाउपत्र स्वीकृत भई सकेपछि सम्झौता गर्ने समयमा कार्य सम्पादन जमानत वापत कबोल अंकको ५.० प्रतिशत रकम र सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन),दफा १३ को उपदफा २(ढ१) वा दफा २७ को उपदफा ४ अनुसारले हुन आउने रकम सहित तपशिल बमोजिमको बैंकमा जम्मा गरेको सक्कल भौचर वा घटिमा ६ महिना

म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (परफरमेन्स बँण्ड जारी गर्न सक्ने बैंकहरु) बाट जारी गरिएको परफरमेन्स बँण्ड बुझाउनु पर्ने छ ।

११. सिलबन्दी दरभाउपत्रमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१२. निर्माण सम्बन्धी स्पेशिफिकेशनको हकमा टेण्डर डेकुमेन्टसमा उल्लेखित टेक्नीकल स्पेशिफिकेशन र नर्मस् पाल्ना गर्नु पर्ने छ ।

१३. कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सहि भएको सक्कलै सिलबन्दी दरभाउपत्र बाहेक अन्य सिलबन्दी दरभाउपत्र लाई मान्यता दिईने छैन ।

१४. सिलबन्दी दरभाउपत्र  कुनै त्रुटी हुन गएमा त्रुटी सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१५. सिलबन्दी दरभाउपत्र  आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१६. प्रत्येक ठेक्का साथ धरौटी वापत सक्कल बिडबँण्ड, बैंक भौचर वा नगद बेग्ला बेग्लै राख्नु पर्ने छ ।

१७. सिलबन्दी दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्रमा मूल्य अभिबृद्धी कर बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ ।

१८. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रो संग बुझि शिलबन्दी दरभाउ पत्र भरेको मानिने छ ।

१९. सार्वजजिक खरिद ऐन २०६३ (पहिलो संसोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौ संसोधन सहित) तथा अन्य प्रचलित कानुन अनुसार तोकेका आधारहरु पुरा नभएको, रित नपुगेको म्याद भित्र  दर्ता नभएका तथा यस सुचना एवं  सिलबन्दी दरभाउपत्र सम्वन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको सिलबन्दी दरभाउपत्रमा कारवाही हुने छैन ।

२०. अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

| सि.नं | ठे.नं. | योजनको नाम | कामको विवरण | ल.ई. रकम (मु.अ. कर र कन्टीजेन्सी बाहेक) | बैक जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | BHG/SKT/PN-6/PoW-SQ/GATE-01-074/075 | प्रवेश द्वार (तिन वटा ) निर्माण योजना | तिन वटा आर.सि.सि. टाइप गेट निर्माण कार्य ( विभिन्न तिन ठाँउमा) | १२,८७,५८९।२६ | ३८,६३०।०० |
| २ | BGM/SKT/PN-6/PoG-SQ/HUME-PIPE-02-074/075 | प्रिकाष्ट आर.सि.सि. एन.पि.३ क्लास होम पाइप खरिद योजना | प्रिकाष्ट आर.सि.सि. एन.पि.३ क्लास होम पाइप सप्लाई कार्य (विभिन्न साइजका) | १७,१४,०२५।८४ | ५०,०००।०० |

नि.प्रमुख प्रशासकीय अधिकृत
मान बहादुर ठाडा